# बालविवाह अन्त्यका लागि रोल्पा जिल्लास्तरीय रणनीति

## २०८१

जिल्ला समन्वय समिति
रोल्पा



Scanned with CamScanner

जिल्ला सभाबाट पारित मिति २०८१/०३/१२
जि.स.स. प्रमुखबाट प्रमाणीकरण मिति २०८१/०३/१६

विषय सूची

१. पृष्ठभूमि

२. अन्तर्राष्ट्रिय प्रतिबद्धता

३.राष्ट्रिय नीति तथा कानुनी व्यवस्था

४. वर्तमान सन्दर्भ

५. रणनीतिको औचित्य

६. रणनीतिका सिद्धान्तहरू

७. दूरदृष्टि

८. ध्येय

९. लक्ष्य

१०. उद्देश्यहरू

११. रणनीति तथा कार्यनीति

१२. अनुगमन तथा मूल्याङ्कन

१३. संस्थागत संरचना

१४. सहकार्य तथा समन्वय

१५. जोखिम तथा न्युनीकरण

१६. बालविवाह अन्त्यका लागि रणनीतिक कार्ययोजना

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

Scanned with CamScanner

*बालविवाह अन्त्यका लागि रोल्पा जिल्लास्तरीय रणनीति-२०८१*

## १. पृष्ठभूमि

नेपालको कानुनले २० वर्षभन्दा कम उमेरमा हुने विवाहलाई बालविवाह मानी निषेध गरेको छ। बालविवाहले खासगरी बालिकाहरूको जीवनमा प्रतिकूलता बढाएको छ भने विकासशील राष्ट्रहरूको समग्र सामाजिक-आर्थिक विकासको गतिलाई पछाडि धकेल्ने काम पनि गरेको छ। बालविवाहका कारण धेरै मुलुकहरू न्यून पोषण, प्रतिकूल स्वास्थ्य परिणाम, मातृ र शिशु मृत्यु दर, न्यून शैक्षिक स्तर, औपचारिक श्रम बजारमा महिलाहरूको न्यून सहभागिता, आर्थिक उत्पादकत्वमा कमी, बढ्दो घरेलु तथा लैङ्गिक हिंसाका दुष्परिणामहरू भोग्न बाध्य छन्।

नेपालमा बालविवाहबारे विभिन्न अध्ययनले फरक फरक तथ्याङ्क प्रस्तुत गरेको पाइन्छ। बालविवाह अत्यधिक हुने विश्वका मुलुकहरूमा नेपाल १६ औं स्थानमा रहेको छ भने दक्षिण एसियामा बङ्गलादेश र भारतपछि तेस्रो स्थानमा रहेको छ। नेपालमा ३५ प्रतिशतभन्दा बढी बालिकाहरूको १८ वर्ष र करिब १० प्रतिशत बालिकाहरूको १५ वर्ष उमेर नपुग्दै विवाह हुने गरेको एक अध्ययन प्रतिवेदनले औंल्याएको र सो प्रतिवेदनअनुसार उमेर नपुग्दै विवाह हुने बालकहरूको सङ्ख्या भने करिब १० प्रतिशत रहेको छ। नेपाल लगायत विश्वका सबै मुलुकहरूमा बालविवाहको दर क्रमिक रूपमा न्यून हुँदै गइरहेको भए तापनि यसरी घट्ने दर भने न्यून छ। यदि बालविवाह अन्त्यसम्बन्धी विद्यमान कानुनको पालनालाई प्रभावकारी नबनाउने र तीनवटै तहका सरकार तथा सरोकारवालाहरूको अर्थपूर्ण सहभागितामा उपयुक्त रणनीति र कार्ययोजना तर्जुमा गरी कार्यान्वयन नगर्ने हो भने यसलाई अन्त्य गर्न अझै धेरै वर्ष लाग्ने देखिन्छ । नेपालको २०७८ सालको जनगणनाबमोजिम रोल्पा जिल्लमा ४२.२ प्रतिशत उमेर नपुग्दै विवाह हुने गरेको अवस्था विद्यमान रहेको छ ।

नेपाली समाजमा विद्यमान बालविवाह परापूर्वकालदेखिको धार्मिक तथा सांस्कृतिक मान्यतामा आधारित हानिकारक अभ्यासको निरन्तरता हो। छोराछोरीलाई सानै उमेरमा विवाह गरिदिएमा पुण्य कमाइने, विशेष गरी छोरीको रजस्वला नहुँदै कन्यादान गरेमा स्वर्गमा पुगिने लगायतको पुरातनवादी गलत धारणा र सोच, छोरीलाई आफ्नो घरको बोझ र अर्काको घरको सम्पत्ति ठान्ने प्रवृत्ति, छोरीलाई शिक्षा दिएर फाइदा नहुने भन्नेजस्ता मानसिकता र मनोविज्ञान आदिले गर्दासमेत विभिन्न समुदायमा कलिलै उमेरमा विवाह गरिदिने परम्परा कायमै छ। अर्कोतिर कलिलै उमेरमा परिवारको अनुमतिविना आफूखुसी विवाह गर्ने प्रवृत्तिका कारण बालविवाह हुने गरेको छ। वर्तमान अवस्थामा अभिभावकले बलपूर्वक गरिदिने विवाहभन्दा बालबालिकाको स्वनिर्णयमा हुने विवाहको दर उच्च रहेको छ।. आर्थिक विपन्नताका कारण पनि बालविवाह हुने गरेका छन्। अभिभावक तथा बालबालिकाहरूमा बृहत् यौनिकतासँग सम्बन्धित शिक्षाको पहुँच नहुँदा पनि बालविवाहमा कमी आउन सकिरहेको छैन । सामान्य अवस्थामा भन्दा विपद् वा मानवीय सङ्कटको अवस्थामा बालविवाहको दर उच्च रहने गरेको पनि पाइन्छ। उदाहरणका लागि २०७२ को विनाशकारी भूकम्प र कोभिड-१९ महामारीपछिको समयमा नेपालमा बालविवाह बढेको विभिन्न अध्ययनले देखाएका छन्। यसका साथै आधुनिक

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा



Scanned with CamScanner

सञ्चार प्रविधि र सामाजिक सञ्जालको दुरुपयोगले पनि बालविवाह र लैङ्गिक हिंसाका घटनाहरूमा वृद्धि हुन गएको छ।

नेपाली समाजमा समस्याको रूपमा विद्यमान बालविवाहलाई अन्त्य गर्न सबै सरोकारवालाहरूको सहयोगमा अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय प्रयासहरूका साथै मुलुकभित्र प्रदेश सरकार र स्थानीय तहसम्मले परम्परागत सोच, चिन्तन र व्यवहारमा परिवर्तन ल्याउन जरुरी छ। यही आवश्यकतालाई आत्मसात् गरी जिल्लास्थित सबै स्थानीय तह र सरोकारवालाहरूको सहकार्यमा जिल्ला समन्वय समिति, रोल्पाले यो **बालविवाह अन्त्यका लागि रोल्पा जिल्लास्तरीय पाँच वर्षे रणनीति-२०८१** तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

## २. अन्तर्राष्ट्रिय प्रतिबद्धता

नेपाल बालअधिकारसम्बन्धी महासन्धि (CRC) १९८९, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्नेसम्बन्धी महासन्धि (CEDAW), १९७९,नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (ICCPR), १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICESCR) १९६६, यातना विरुद्धको महासन्धि (CAT) १९८४ लगायत विभिन्न मानवअधिकारसम्बन्धी महासन्धिहरूको पक्ष राष्ट्र हो। नेपाल सन्धि ऐन २०४७ को दफा ९(२) अनुसार नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिहरूसँग नबाझिने गरी सन्धि सम्झौताहरूको कार्यान्वयन गर्नु राज्यको दायित्व हो।

नेपालले जनसङ्ख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना (Program of Action adopted at the International Conference on Population and Development) १९९४, चौथो विश्व महिला सम्मेलनवाट पारित वेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Declaration and Platform for Action) लगायत विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालले लैङ्गिक समानता कायम गर्ने, महिला तथा बालिकाहरूको सशक्तिकरण गर्ने र बालअधिकारलाई प्रबर्द्धन गर्ने प्रतिवद्धता जनाएको छ।

सन् २०१३ मा बालविवाह, कम उमेरमा हुने विवाह तथा बलपूर्वक हुने विवाहसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार समितिको सङ्कल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced Marriage) लाई नेपाल सरकारले सह-प्रायोजन गरी बालविवाहविरुद्ध प्रतिवद्धता जाहेर गरेको छ। त्यसैगरी सन् २०१४ मा बेलायतमा सम्पन्न उच्चस्तरीय शिखर सम्मेलनमा नेपालले सन् २०३० सम्ममा मुलुकवाट वालविवाहको अन्त्य गर्ने प्रतिबद्धता जाहेर गरेको छ। दक्षिण एसियामा "बालबालिकामाथि हुने हिंसाविरुद्धको दक्षिण एसियाली पहल" (SAJEVAC) ले अघि सारेको बालविवाह अन्त्यका लागि क्षेत्रीय कार्य योजना (२०१५-२०१८ मा पनि राष्ट्रिय संयन्त्रमार्फत बालविवाहविरुद्ध अभियान केन्द्रित गर्नेबारे नेपालले प्रतिबद्धता जनाएको छ। यसका अतिरिक्त नेपालको नेतृत्वमा २०१४ नोभेम्बरमा सार्कस्तरीय गोष्ठी आयोजना गरी "दक्षिण एसियाबाट बालविवाह अन्त्य गर्नको लागि काठमाडौं आव्हान" पारित गरिएको छ। विश्वव्यापी स्तरमा बालविवाहलाई सहस्राब्दी विकास लक्ष्य (MDG) को प्राप्तिका लागि एक बाधकको रूपमा पहिचान गरी दीगो विकास लक्ष्य (SDG) को कार्यसूची (२०१६-२०३०)मा समावेश गरिएकोमा नेपालले बालविवाह अन्त्य

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

Scanned with CamScanner

गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरेको छ। बालविवाह समानता र विकासको प्रमुख बाधकको रूपमा रहेको कुरालाई महसुस गरी दीगो विकास लक्ष्यको लक्ष्य ५.३ मा बालविवाह, कम उमेरमा हुने विवाह र जबरजस्ती विवाहदेखि महिलाविरुद्धका हानिकारक प्रथाहरूको अन्त्य गर्ने विषयमा अन्य मुलुकहरूकै नेपालले पनि सन् २०३० सम्ममा सो लक्ष्य प्राप्त गर्ने प्रतिबद्धता जनाई राष्ट्रिय सूचकहरूसमेत तयार गरेको छ।

## ३. राष्ट्रिय नीति तथा कानुनी व्यवस्था

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ मा बालविवाह बालबालिकाको हक अधिकार प्रचलनका लागि बाधकको रूपमा रहेको र यसलाई रोक्न सरकारी र विकास साझेदार संस्थाहरूको सहकार्यमा समुदायस्तरका सङ्घसंस्थाहरूलाई परिचालन गर्ने, सक्रियताका साथ उजुरी लिई कारबाही गर्ने, स्थानीय तहलाई थप जिम्मेवारी दिई समुदायस्तरसम्म चेतना अभिवृद्धि गर्ने भनी उल्लेख गरिएको छ। नेपाल सरकारले सन् २०३० सम्म नेपाललाई बालविवाहमुक्त बनाउने लक्ष्यका साथ बालविवाह विरुद्धको राष्ट्रिय रणनीति-२०७२ कार्यान्वयनमा ल्याएको थियो भने १५ औं योजना (२०६७/७७-२०८०/८१) ले बालविवाह एक चुनौतीको रूपमा रहेको कुरालाई स्वीकार गर्दै यसको नियन्त्रणको लागि विद्यालय पाठ्यक्रममा समावेश गर्ने भनी कार्यनीतिमा उल्लेख गरेको थियो। त्यसैगरी मानवअधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/७८-२०८१/८२) मा समेत बालविवाह विरुद्धको राष्ट्रिय रणनीति २०७२ को प्रभावकारी कार्यान्वयन गर्ने विषयमा जोड दिनुका साथै विगतमा कार्यान्वयन गरिएका विभिन्न राष्ट्रिय कार्ययोजनाहरूमा पनि बालविवाह नियन्त्रणका लागि विभिन्न रणनीतिक कार्यक्रमहरू समावेश गरिएका छन्।

नेपालको संविधानको धारा ३८ को उपधारा (३) मा महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषणविरुद्धको हक सुनिश्चित गरी त्यस्तो कार्य दण्डनीय हुने र पीडितले कानुनबमोजिम क्षतिपूर्ति पाउने हकको समेत व्यवस्था छ। त्यसैगरी धारा ३९ मा बालबालिकासम्बन्धी मौलिक हकको व्यवस्था गर्नुका साथै बालविवाह गर्न नहुने, यदि भएमा त्यस्तो विवाह दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित भएका बालबालिकालाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति प्राप्त गर्ने हक सुनिश्चित गरिएको छ।

मुलुकी देवानी संहिता-२०७४ ले विवाहको लागि पुरुष वा महिलाको कम्तीमा २० वर्ष उमेर पूरा भएको हुनुपर्ने, त्यस्तो उमेर नपुगेका बिच विवाह गर्न वा गराउन नहुने र यदि विवाह गरेमा स्वत बदर हुने व्यवस्था गरेको छ। मुलुकी अपराध संहिता-२०७४ ले विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन नहुने, त्यस्तो विवाह गराएमा स्वतः बदर हुने र त्यस्तो कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयासम्म जरिवाना हुने व्यवस्था गरेको छ। साथै सो संहिताको करणीसम्बन्धी कसुरअन्तर्गत १८ वर्षभन्दा कम उमेरको बालिकालाई मन्जुरी लिएर करणी गरेको अवस्थामा समेत जबरजस्ती करणीको कसुर हुने र त्यस्तो कसुर गरेकोमा बालिकाको उमेरको अवस्था हेरी कम्तीमा १० वर्ष र अधिकतम् जन्मकैदको सजाय र जरिवानासमेत हुने गरी जघन्य अपराधको रूपमा व्यवस्था गरिएको छ। यस प्रकार १८ वर्षमुनिको बालिकासँग विवाह गरी कायम गरिएको करणी पनि कसुर हुने भई विवाह गर्ने र

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा



Scanned with CamScanner

यौन सम्बन्ध कायम गर्ने व्यक्तिलाई समेत कठोर सजाय हुने अवस्था रहेको छ। मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ ले बालविवाहसम्बन्धी कसुरलाई नेपाल सरकारवादी भई मुद्दा अनुसन्धान तथा दायर गर्ने व्यवस्था गरेको छ।

बालबालिकासम्बन्धी ऐन २०७५ मा बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्य गरेमा बालबालिकाविरुद्धको हिंसा गरेको ठहर्छ भनी उल्लेख गरिएको छ। सो ऐनले प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकारको हक सुनिश्चित गरेको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन-२०७६ मा पञ्जिकाधिकारी समक्ष विवाह दर्ता गराउँदा स्वतः बदर हुने विवाहलगायतका व्यक्तिगत घटना दर्ता गरी प्रमाणपत्र दिन नहुने, त्यस्तो घटना दर्ता गर्न ल्याएमा प्रचलित कानुनबमोजिम कारबाही गर्ने निकायसमक्ष पेश गर्नुपर्ने व्यवस्था गरेको छ।

यसका अतिरिक्त, लुम्बिनी प्रदेश सरकारको बालबालिकासम्बन्धी ऐन-२०७६ ले बालबालिकाको विवाह गर्न वा गराउन नपाइने र उक्त कार्यलाई दण्डित गर्ने व्यवस्था गरेको छ। बालविवाह अन्त्यका लागि लुम्बिनी प्रदेशस्तरीय १० वर्षे रणनीतिक योजना-२०७८ लागू गरिएको छ । लैङ्गिक समानता कार्यविधि-२०८० समेत जारी भएको छ । स्थानीय सरकार सञ्चालन ऐन-२०७४ ले हानिकारक प्रथा तथा परम्परा (जस्तै बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखनजस्ता) सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने जिम्मेवारी स्थानीय सरकार र विशेष गरी वडा समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत समावेश गरेको छ।

## ४. वर्तमान सन्दर्भ

नेपालको संविधान-२०७२ लागू भई राज्य पुनर्संरचनापश्चात रोल्पा जिल्लामा १० वटा स्थानीय तह र जम्मा ७२ वटा वडा कार्यालयहरू स्थापना गरिएका छन् ।१० वटा पालिकामध्ये एउटा रोल्पा नगरपालिका रहेको छ भने अरु ९ वटा गाउँपालिकाहरू क्रमशः सुनिलस्मृति गाउँपालिका, लुङ्ग्री गाउँपालिका, सुनछहरी गाउँपालिका, थवाङ गाउँपालिका, परिवर्तन गाउँपालिका, गङ्गादेव गाउँपालिका, माडी गाउँपालका, त्रिवेणी गाउँपालिका र रुन्टीगढी गाउँपालिका रहेका छन । रोल्पा जिल्लाको क्षेत्रफल १८७९ वर्ग किलोमिटर रहेको छ भने ठुला पहाड, घना जङ्गल, धनी संस्कृति र मानिसहरूको परम्परा, धार्मिक स्थल र फराकिलो उपत्यका भएको रोल्पासँग जोडिएका जिल्लाहरू दक्षिणमा दाङ, पूर्वमा प्युठान तथा बागलुङ, पश्चिममा सल्यान र उत्तरमा पूर्वी रुकुम तथा पश्चिम रुकुम जिल्ला पर्दछन् । २०७८ को जनगणनाअनुसार रोल्पा जिल्लाको कुल जनसङ्ख्या २,३४,७९३ रहेको छ। रोल्पा जिल्लामा २०७८ सालको जनगणनाबमोजिम ४२.२% बालबालिका उमेर नपुग्दै विवाह हुने गरेकोमा सबभन्दा बढी गङ्गादेव गाउँपालिका ५२.४% तथा सबभन्दा कम त्रिवेणी गाउँपालिका ३९.६% र अन्य परिवर्तन गा.पा. ४२.९%, लुङ्ग्री गा.पा. ४४%, माडी गा.पा. ४४%, रोल्पा न.पा. ४२.३%, रुन्टीगढी गा.पा.-४१.३%, सुनछहरी गा.पा. ४१.५%, सुनिलस्मृति गा.पा.४६.६% र थवाङ गा.पा. ४०.७% बालबालिका उमेर नपुग्दै विवाह हुने गरेको अवस्था विद्यमान छ ।उल्लेखित तथ्याङ्कले रोल्पा जिल्लमा बालविवाहको समस्या रहेको र अन्त्यका लागि चुनौती छ भन्ने देखिन्छ। रोल्पा जिल्लाको भौगोलिक स्थिति, जातजाति, धर्म-सम्प्रदाय, आर्थिक-सामाजिक स्थिति, शैक्षिक स्तर

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा



Scanned with CamScanner

आदिका आधारमा फरकफरक समुदायमा बालविवाहको दर फरकफरक रहेको पाइन्छ। विशेष गरी अभिभावकको इच्छाले बलपूर्वक हुने बालविवाहको दर मध्यम छ भने बालबालिकाको आपसी सहमतिमा हुने भागी विवाहका कारण हुने बालविवाहको दर उच्च छ। बृहत् यौनिकता शिक्षाको अभाव रहेको र विवाहपूर्वको शारीरिक सम्बन्धलाई समाजले राम्रो नमान्ने भएका कारण शारीरिक सम्बन्धका लागि पनि विवाह हुने गरेका छन्। अभिभावकको उचित संरक्षण र शिक्षकको मार्गदर्शनको अभाव साथै विविध आर्थिक तथा सामाजिक पछौटेपन लगायतका कारणहरूले विद्यालय छाड्ने (school dropout) र बालविवाह गर्ने प्रवृत्तिसमेत पाइन्छ।

लुम्बिनी प्रदेशको बालबालिकासम्बन्धी ऐन-२०७६ को कार्यान्वयन, बालविवाह अन्त्यसम्बन्धी रणनीति/कार्ययोजना तर्जुमा र बालमैत्री नगरपालिका वा गाउँपालिका, वडा घोषणा, प्रदेशस्तरीय, जिल्लास्तरीय, नगरपालिका वा गाउँपालिकास्तरीय समुदाय वा विद्यालयस्तरीय बाल क्लब तथा सञ्जालहरूको गठन, विभिन्न समुदायमा किशोरी समूह, युवा क्लवहरूको गठन र बालविवाहको रोकथामका लागि समुदाय प्रहरी परिचालन, विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरुको सहयोगमा जीवन उपयोगी शिक्षा, विभिन्न धार्मिक समुदायमा दाइजो र बालविवाहविरुद्ध जागरुकता, छोरीहरूलाई पढाउने अभियान आदिलाई सकारात्मक पहलको रूपमा लिन सकिन्छ। यी प्रयासहरूका कारण विगतको तुलनामा बालविवाहको दर घट्दै गएको अवस्था छ।

तर, कतिपय समुदायमा बालविवाहको उजुरी नगर्नु, कतै कतै बालविवाहको पक्षमा सार्वजनिक रूपमै प्रदर्शन गर्नु, अधिकांश बालविवाहका घटनाहरूमा कानुनी कारबाही हुनुभन्दा मेलमिलापमा टुङ्ग्याउन चाहनुजस्ता कारण बालविवाहलाई सामाजिक मान्यता दिन खोजेको देखिन्छ। विभिन्न कारणले विद्यालयको पढाइ छाड्ने बालिका र बालकको सङ्ख्या धेरै हुनु, किशोरकिशोरीहरूको यौनिकताबारे अभिभावकहरूमा सङ्कुचित विचार कायम रही आफ्ना छोराछोरीहरूलाई उपयुक्त ढङ्गबाट शिक्षा सल्लाह दिन सङ्कोच मान्नु, घरेलु तथा लैङ्गिक हिंसालगायत बालविवाहलाई बढावा दिने, बहु विवाहजस्ता हानिकारक परम्पराहरू कायम रहनु, अर्थोपार्जनका लागि वैदेशिक रोजगार वा आप्रवासनमा जाँदा परिवार विखण्डन भई पारिवारिक संरक्षण प्रणाली कमजोर हुनु, लैङ्गिक भूमिकामा आधारित कामको बाँडफाँट कायमै रही बालिका तथा महिला प्रजनन् भूमिका (Reproductive Gender Roles) का साथै घरेलु कामको बोझमा परी औपचारिक क्षेत्रको रोजगारीबाट विमुख हुनु, सीमान्तकृत समुदायको शिक्षा तथा रोजगारीमा असमान पहुँच, लैङ्गिक तथा जातीय भेदभावसँग जोडिएको प्रणालीगत गरिबीको कुचक्र र आर्थिक असुरक्षा कायमै रहनु, सामाजिक सञ्जालमा अनियन्त्रित पहुँच र देखासिकी आदि चुनौतीका रूपमा रहेका छन्।

जिल्लाका सबै स्थानीय तहहररूमा बालविवाहको स्थिति खुल्ने खण्डीकृत तथ्याङ्क सङ्कलन गरी बालअधिकार तथा बालसंरक्षणका सवालहरूका बारे समुदाय एवम् परिवारस्तरसम्म ज्ञान र बालविवाहविरुद्ध शिक्षा, सचेतना, विद्यालयहरूमा यौन तथा प्रजनन् स्वास्थ्यबारे प्रभावकारी रूपमा अध्ययन अध्यापन गरिनु जरुरी देखिन्छ।

**५. रणनीतिको औचित्य**

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा



Scanned with CamScanner

नेपालमा बालविवाहलाई दण्डनीय अपराध माने तापनि व्यावहारिक रूपमा यसको अन्त्य हुन सकेको छैन। नेपालको संविधानले महिला तथा बालबालिकासम्बन्धी हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। यसका साथै संविधानतः बालबबालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण वा बन्धक राख नपाइने र महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने र पीडितले कानुनबमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितासमेत गरेको हुँदा बालविवाह अन्त्यका लागि प्राथमिकताका साथ कार्यक्रम केन्द्रित गर्नुपर्ने भएको छ। यसका साथै नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय र क्षेत्रीयस्तरमा गरेका प्रतिबद्धता पूरा गर्नका लागि पनि बालविवाह अन्त्य गर्ने सम्बन्धमा एक स्पष्ट रणनीति र कार्ययोजनाको आवश्यकता छ।

रोल्पा जिल्लामा धेरै बालिकाहरूको बालविवाह हुने गरेको साथै केही स्थानीय तह र यस जिल्लाका केही समुदायमा यो दर अझ उच्च रहेको विभिन्न अध्ययनहरूले देखाएका छन्। नेपालमा विवाह योग्य न्यूनतम् उमेर २० वर्ष भएता पनि विभिन्न सामाजिक मान्यता, अशिक्षा, गरिबी तथा चेतनाको कमी लगायतका विविध कारणले रोल्पा जिल्लामा उमेर नपुगी विवाह गर्ने बालबालिकाहरूको सङ्ख्या बढी रहेको पाइन्छ। यसलाई रोक्न स्थानीय सरकारले विशेष खालका योजना र कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ। विगतदेखि केही स्थानीय तह र वडाले बालविवाह अन्त्यका लागि विभिन्न रचनात्मक अभियान सञ्चालन गर्दै आएकाले ती स्थानहरूमा बालविवाह धेरै हदसम्म न्युनीकरणसमेत भएको थियो । यद्यपि छिमेकी वडाले बालविवाह अन्त्यका लागि कुनै योजना अगाडि नवढाउँदा बालविवाह अन्त्यका लागि थालिएको अभियानले गति लिन सकेन । यही यथार्थलाई मनन् गरी सबै स्थानीय तहको प्रतिनिधित्व र अपनत्वसहित जिल्लासभाबाट पारित यो रणनीतिले बालविवाह अन्त्यका लागि जिल्लाभर साझा बुझाइ र कार्यान्वयनमा एकरुपताको कायम हुने अपेक्षा गरिएको छ ।

बालविवाहका कारण बालबालिकाहरू आधारभूत हक अधिकारबाट वञ्चित हुने मात्र होइनन्, यसले गर्दा उनीहरू आफ्नो भविष्य निर्माणको पथबाट नै विचलित हुन्छन्। साथै बालविवाहको कारणले यौन तथा प्रजनन् स्वास्थ्यमा रुग्नता र घरेलु हिंसा, बहुविवाह, लैङ्गिक हिंसा, मानव बेचबिखन, आत्महत्या, सम्बन्धविच्छेदजस्ता घटनाहरू हुने गरेका छन्। बालविवाह बहुपक्षीय विषय भएको हुँदा स्थानीय सरकार, विकास साझेदार, नागरिक समाज, गैरसरकारी संस्था र सरोकारवाला निकायहरूबिच समन्वय र सहकार्यको आवश्यकता रहेको छ। नेपालले विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूमा जनाएको प्रतिबद्धता र दीगो विकास लक्ष्य तथा नेपालको १६ औं योजनाको उद्देश्यमुताबिक बालविवाह अन्त्य गर्नु स्थानीय सरकारको पनि दायित्व हो।

**६. रणनीतिका सिद्धान्तहरू**

देहायका सिद्धान्तका आधारमा यो रणनीति तर्जुमा गरिएको छः

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

**(क) भेदभाव रहितः** यो रणनीति कार्यान्वयनको सिलसिलामा विशेषगरी बालबालिका, महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्तिहरूमाथि जातजाति, लिङ्ग, वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरिनेछैन।

**(ख) बालबालिकाको सर्वोत्तम हितः** यो रणनीतिले बालविवाह अन्त्य गर्ने सवालहरूमा बालबालिकाको सर्वोत्तम हितलाई सर्वोपरी राख्दछ।

**(ग) शून्य सहनशीलताः** यो रणनीतिले बालविवाहको सवालमा शून्य सहनशीलताको सिद्धान्तलाई अङ्गिकार गर्दछ।

**(घ) किशोरकिशोरीहरूको अर्थपूर्ण सहभागिताः** यो रणनीतिको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि जसको सरोकार उसको आवाज भन्ने भनाइलाई आत्मसात् गर्दै विशेष गरी किशोरकिशोरीहरू र समुदायका अन्य सरोकारवालाहरूको अर्थपूर्ण सहभागितालाई महत्व दिन्छ ।

**(ङ) पुरुष तथा बालकहरूको संलग्नताः** यो रणनीतिको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि पुरुष तथा बालकहरूको सक्रिय संलग्नता अपरिहार्य छ भन्ने मान्यता राख्दछ।

**(च) पीडित/प्रभावितको संरक्षणः** यो रणनीतिले विशेष गरी करकापमा परी बालविवाहबाट प्रभावित बनेका, बालविवाहका कारण हिंसामा परेका र बालविवाहको जोखिममा रहेका किशोरीहरूको संरक्षण गरी सुरक्षाको प्रत्याभूति दिलाउनुपर्ने र आत्मसम्मानपूर्ण व्यवहार गर्नुपर्ने विषयलाई उच्च प्राथमिकता दिन्छ।

**(छ) न्यायमा पहुँच तथा द्रूत न्यायः** यो रणनीतिले बाल विवाहबाट प्रभावितहरूका लागि द्रूत न्यायको सिद्धान्तअनुसार न्याय दिलाउने मान्यतालाई प्राथमिकतामा राख्दछ।

**(ज) साझेदारी र सहकार्यः** यो रणनीतिको सफल र प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तह, गैरसरकारी संस्थाहरू, राजनीतिक दल, सामाजिक तथा धार्मिक क्षेत्रका अगुवाहरूसँगको समन्वय, साझेदारी र सहकार्यलाई प्राथमिकता दिइनेछ ।

**(झ) परिवर्तनको सिद्धान्तः** यो रणनीतिले लैङ्गिक विभेद र हानिकारक परम्पराका उपजका रूपमा रहेको बालविवाहको अन्त्यका लागि लैङ्गिकता, जातीयता, सामाजिक. आर्थिक दूरावस्था र उत्पत्तिका आधारमा हुने भेदभावलाई अन्त्य गर्न जरुरी रहेकोले नकारात्मक सामाजिक मूल्य मान्यता, सोच र व्यवहारमा परिवर्तन आवश्यक छ भन्ने कुरामा जोड दिन्छ। यो रणनीति परिवर्तनको सिद्धान्तमा आधारित छ।

**७. दूरदृष्टि**

बालविवाहमुक्त रोल्पा जिल्ला।

**८. ध्येय**

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

रोल्पा जिल्लामा सबै सरोकारवालाहरूसँगको सहकार्यमा पारिवारिक तथा सामाजिक संरक्षण प्रणालीको सुदृढीकरण गर्दै बालविवाहको अन्त्य गरी बालबालिकाका लागि सुरक्षित वातावरण निर्माण गर्ने।

९. लक्ष्य

आगामी ५ वर्षभित्र रोल्पा जिल्लाको एक नगरपालिका र नौवटै गाउँपालिकामा बालविवाह अन्त्य गर्ने।

१०. उद्देश्यहरू

(१) बालविवाह र हानिकारक परम्परागत अभ्यास विरुद्ध शिक्षा सचेतना लगायतका प्रवर्द्धनात्मक उपायहरूद्वारा बालविवाहका जोखिममा रहेका सबै समुदायका किशोरकिशोरीहरूको सशक्तिकरण गर्ने।

(२) बालविवाह हुन नै नदिन समुदायमा आधारित समुदाय निगरानी प्रणालीलाई सुदृढ बनाउने।

(३) सबै समुदायमा बालविवाह निषेध गर्ने वर्तमान कानुनको परिपालनामा जोड दिई कानुनी कारवाहीलाई प्रभावकारी बनाउने ।

(४) बालविवाहबाट प्रभावित एवम् बालविवाहको जोखिममा रहेका बालबालिका विशेषतः बालिकाहरूको संरक्षण गर्दै उनीहरूको लागि लक्षित सेवा, सुविधा तथा अवसरमा सरल तथा सहज पहुँचको सुनिश्चितता गर्ने।

(४) बालमैत्री स्थानीय शासन प्रवर्द्धनमा टेवा पुर्‍याउने ।

(६) बालविवाह अन्त्य गर्ने अभियानलाई व्यापकता दिन सबै स्थानीय तह तथा अन्य सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारिता अभिवृद्धि गर्ने।

११. रणनीति तथा कार्यनीति

| प्रवर्द्धनात्मक उपायहरुः | |
|---|---|
| रणनीति | कार्यनीति |
| १. रोल्पा जिल्लाका एक नगरपालिका र सबै गाउँपालिकामा बालविवाहको स्थिति अध्ययन र विश्लेषण गरी सोको तथ्याङ्क प्रणालीको विकास गर्ने। | १. रोल्पा जिल्लाका एक नगरपालिका र सबै गाउँपालिकामा लैङ्गिक हिंसा, दाइजो, महिनावारी हुँदा गरिने भेदभाव आदि हानिकारक परम्परागत अभ्यासलगायत बालविवाहका कारण र त्यसबाट पारिवारिक तथा सामाजिक आर्थिक एवं स्वास्थ्य स्थितिमा परेका असरहरूबारे अध्ययन विश्लेषणसहितको आधारभूत सर्वेक्षण तथ्याङ्क प्राप्त गरी जिल्लास्तरीय आधाररेखा (baseline) तयार पारी आवधिक रूपमा अद्यावधिक गर्ने व्यवस्था गरिनेछ।<br>२. आवधिक रूपमा अद्यावधिक गरिएको बालविवाहको स्थिति प्रतिवेदनलाई सरोकारवाला स्थानीय तह र निकायमा कार्यान्वयनको लागि सम्प्रेषण गरिनेछ।<br>३. बालविवाहको स्थिति तथा नियन्त्रणबारे जिल्ला र स्थानीय तहमा खण्डीकृत तथ्याङ्क राख्ने प्रणालीको विकास गरिनेछ । |

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

| | |
|---|---|
| २. बालविवाह अन्त्यका लागि स्थानीय तहसँगको सहकार्यमा रोल्पा जिल्लाका सबै विद्यालयहरूमा बालमैत्री र लैङ्गिकमैत्री वातावरण निर्माण गरी किशोरी लक्षित विशेष प्राविधिक कार्यक्रम लागू गर्ने। | १. बालविवाह अन्त्यको लागि बालमैत्री एवम् लैङ्गिकमैत्री विद्यालयको मापदण्ड तयार गरी क्रमिक रूपमा सबै विद्यालयमा लागू गरिनेछ ।<br>२. जिल्ला तथा स्थानीय स्तरमा आधारभूत र माध्यमिक तहको पाठ्यक्रममा बालविवाह, दाइजोजस्ता कुप्रथा, यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारसम्बन्धी विषय समावेश गरिनुको साथै सिकाइ विधि परिमार्जन गरिनेछ ।<br>३ बालविवाहका कारण महिला तथा किशोरीहरूको यौन तथा प्रजनन् स्वास्थ्यमा पर्ने नकारात्मक असरका साथै बृहत् यौनिकता र प्रजनन स्वास्थ्य शिक्षा (Comprehensive Sexuality and Reproductive Health education) बारे खुलेर पठन-पाठन र छलफल गर्ने गराउने वातावरण तयार गरिनेछ।<br>४ आर्थिक रूपमा विपन्न तथा सामाजिक रूपमा सीमान्तकृत परिवारका बालिकाहरूलाई अनिवार्य शिक्षामा जोड दिई विद्यालयमा विशेष गरी छात्राहरूको बीचैमा पढाई छाड्ने प्रवृत्तिलाई निरुत्साहित पारी उनीहरूलाई विद्यालयमा टिकाइ राख्न कापीकलम, विद्यालयको पोशाक, झोलालगायत विभिन्न सहायताको नीति लगायतका योजना कार्यान्वयनमा ल्याइनेछ ।<br>५ विज्ञान, प्रविधि र व्यावसायिक विषयका उच्च शिक्षामा किशोरीहरूलाई प्रोत्साहन गर्न सशर्त छात्रवृत्तिको व्यवस्था गरिनेछ। |
| ३. स्थानीय तहसँग समन्वय गरी गैरसरकारी संस्थाहरूको सहयोगमा सबै वडाहरूमा बालविवाहको जोखिममा रहेका विद्यालयबाहिरका किशोर किशोरीहरूलाई सचेतना, सिप र शिक्षाको माध्यमबाट सशक्तिकरण गरी बालविवाहविरुद्ध परिचालन गर्ने। | १. नगरपालिका र गाउँपालिकाका सबै वडाहरूमा किशोरकिशोरी सूचना केन्द्र स्थापना गरी बालविवाहविरुद्ध लैङ्गिक सचेतना जगाउन परिचालन गरिनेछ ।<br>२. नगरपालिका र गाउँपालिकाका सबै समुदायमा विद्यालय बाहिरका बालबालिकाहरूलाई समुदायमा आधारित बाल क्लव, युवा क्लबमा आबद्ध गराई बालविवाहविरुद्ध विभिन्न अभियानहरूमा सरिक गराइनेछ ।<br>३. नगरपालिका र गाउँपालिकाका सबै समुदायका विद्यालय बाहिरका किशोरीहरूलाई लक्षित गरी अनौपचारिक शिक्षा, वैकल्पिक शिक्षासँग आबद्ध गरी शिक्षामा पहुँच स्थापित गरिनेछ ।<br>४. विद्यालय बाहिरका किशोरीहरूलाई आयमूलक क्रियाकलापहरूमा संलग्न गराई आर्थिक सशक्तिकरण गर्न बालविवाह नगर्ने सर्तमा व्यावसायिक सीप तालिम सम्बन्धी कोटा निर्धारण गरिने छ। |
| ४. बालविवाह अन्त्यका लागि गै.स.स.हरूको आर्थिक सहयोगमा सशक्तिकरण, पारिवारिक संरक्षण तथा | १. बालविवाहविरुद्ध छोराछोरीबिच विभेदरहित ढङ्गले यौनिकता आदि विषयलाई समेटी सकारात्मक अभिभावकीय शिक्षा (Positive Parenting Education) सञ्चालन गरिनेछ।<br>२. बालबिवाहलाई निरुत्साहित गर्न विशेष पारिवारिक संरक्षण तथा मानवीय |

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

| | |
|---|---|
| मानवीय सुदृढीकरण सञ्चालन गर्ने। | सम्बन्ध प्रवर्द्धन निर्देशिका बनाई लागू गरिनेछ ।<br>३. आर्थिक रूपमा विपन्न तथा सामाजिक रूपमा सीमान्तकृत परिवारलाई लक्षित गरी बालविवाह नगर्ने नगराउने सर्तमा आयमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| ५. बालविवाह तथा हानिकारक परम्परागत अभ्यासको अन्त्यका लागि स्थान तथा समुदाय विशेष सचेतना कार्यक्रमहरू अभियानको रूपमा सञ्चालन गर्ने। | १. बाल विवाहलाई प्रोत्साहन गर्ने परम्परागत सोच, मूल्य मान्यता र व्यवहार परिवर्तनका लागि स्थानीय तहसँग समन्वय गरी सबै राजनीतिक दल, सञ्चार क्षेत्र, पेशागत सङ्घसंस्था र व्यापार व्यवसायीहरू लगायत सबैको सहभागितामा बालविवाह अन्त्यको प्रतिबद्धताका साथै विभिन्न अभियानहरू सञ्चालन गरिनेछ ।<br>२. बालविवाह निषेधसम्बन्धी कानुनी प्रावधानहरूवारे प्रचार सामग्री तयार गरी आम सञ्चारका माध्यममार्फत प्रचारप्रसार गरिनेछ ।<br>३. बालविवाहका कारण महिला तथा बालिकाहरूको यौन तथा प्रजनन् स्वास्थ्यमा पर्ने नकारात्मक असर र परिवारलाई पर्ने आर्थिक व्ययभारवारे सूचना सामग्री निर्माण गरी आमसञ्चारका माध्यमबाट व्यापक प्रचारप्रसार गरिनेछ।<br>४. आधुनिक सूचना प्रविधिबारे ज्ञान नभएका र पहुँच नभएका वर्ग समुदायलाई लक्षित गरी बालविवाहका नकारात्मक असरहरूबारे जात्रा, मेला, भेलामा सडक नाटकलगायत उपयुक्त तरिका अपनाई समुदायलाई जानकारी गराइनेछ । |
| **समुदायमा आधारित सम्बोधन (Community Intervention)** | |
| ६. बालविवाह अन्त्यका लागि समुदायका अगुवा पुरुषहरू, शिक्षकहरू, धर्मगुरुहरूलगायत निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने। | १। धर्मगुरुहरूको सञ्जालमार्फत लैङ्गिक समानता कायम गर्ने, धर्मगुरुहरूलाई प्रशिक्षण दिई परिचालन गरिनेछ ।<br>२. शिक्षक, धर्मगुरु, जैशी, ज्योतिष, पण्डित, धामीझाँक्रीलगायतको भूमिकामा रहेका व्यक्तिहरूसँग बालविवाहसम्बन्धी मान्यताजस्ता विषयमा संवाद गरी पैरवी गरिनेछ ।<br>३. समुदायस्तरमा बालविवाह रोकथाममा अगुवा भूमिका खेलेका व्यक्तिहरूको पहिचान गरी समुदायका विभिन्न सञ्जालहरूमा अग्रणी अभियन्ता (champion) को रूपमा सहभागी गराई सार्वजनिक समारोहहरूमा सम्मान गरिनेछ।<br>४. निजी क्षेत्रका उद्योग, यातायात, कम्पनी तथा कलकारखानाहरूको तर्फबाट व्यावसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत सेवाप्रदायक निकाय तथा गैरसरकारी संस्थाहरूसँगको साझेदारितामा विभिन्न लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| ७. जिल्ला प्रहरी कार्यालय | १. समुदायमा आधारित निगरानीलाई सुदृढ बनाई बाल विवाह र |

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

| | |
|---|---|
| एवम् स्थानीय तहको समन्वय र सहयोगमा बालविवाहविरुद्ध सूचना तथा निगरानी र रोकथामका लागि समुदायमा आधारित निगरानी प्रणालीलाई सुदृढ बनाउने । | हानिकारक अभ्यासविरुद्ध प्रत्येक स्थानीय तहमा स्व-सक्रिय सम्बोधन (pro-active intervention) का लागि संरचनागत व्यवस्था गरिनेछ ।<br>२. सबै टोल र समुदायमा, टोल विकास संस्था, महिला सहकारी, आमा समूह, महिला निगरानी समूह, बाल क्लव, युवा क्लव तथा किशोरकिशोरी समूह गठन गरी बालविवाहलाई प्रोत्साहन गर्ने, हानिकारक सोच, मूल्य मान्यता र व्यवहारविरुद्धको सामाजिक अभियानहरूमा व्यापक रूपमा परिचालन गरिनेछ ।<br>३. परिचालन निर्देशिका तयार गर्न स्थानीय तहहरूलाई आवश्यक आर्थिक तथा प्रविधिक सहयोग प्रदान गरी व्यापक रूपमा निगरानी समूहको परिचालन गरिनेछ । |
| ८. समुदायमा निगरानी आधारित प्रणालीको सुदृढीकरण गरी सो प्रणालीमार्फत जोखिम समुदायमा पारिवारिक भेटघाट र परामर्शलाई व्यापकता दिने। | १. जिल्ला प्रहरी कार्यालय तथा स्थानीय तहसँगको समन्वयमा बालविवाह हुन लागेको परिवारमा पारिवारिक भेटघाट, सल्लाह र परामर्श (family visit, mentoring and counseling) द्वारा बालविवाहलाई रोकथाम गर्ने।<br>२. समुदायमा बालविवाहविरुद्ध निषेध, प्रतिवन्ध र अग्रिम चेतावनी दिने पद्धति (early warning system) को विकास गरिनेछ । |
| **कानुनी कारबाही (Prosecution)** | |
| ९. जिल्ला प्रहरी कार्यालय र स्थानीय तहसँगको समन्वयमा बालविवाहविरुद्धको उजुरी प्रक्रियालाई सरलीकरण गर्ने। | १. बाल विवाहविरुद्ध सरल र प्रभावकारी उजुरी संयन्त्र निर्माण गरिनेछ ।<br>२. बालविवाह सामाजिक अपराध हो भन्ने कानुनद्वारा स्थापित मान्यतालाई बोध गरी बालविवाहविरुद्धको उजुरी प्रक्रियालाई सरल र प्रभावकारी बनाउन सहजीकरण गरिनेछ।<br>३. बालविवाहविरुद्ध स्वतःस्फूर्त कारबाहीका लागि प्रहरी परिचालन गर्न जिल्ला प्रहरी कार्यालयसँग समन्वय गरिनेछ । |
| १०. बालविवाह अन्त्यसम्बन्धी नीति र कानुनको कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्ने। | १. बालविवाह अन्त्यसम्बन्धी राष्ट्रिय कानुन, नीति तथा कार्ययोजना लगायत विभिन्न अन्तर्राष्ट्रिय महासन्धिसम्बन्धी राष्ट्रिय प्रतिवेदन माथिको निष्कर्ष सुझावहरू र दीगो विकास लक्ष्यबमोजिम तोकिएका सूचकहरूबारे कानुन कार्यान्वयन निकायका कर्मचारीहरू, निगरानी समूहलगायत अन्य सरोकारवालाहरूलाई जागरुक बनाइनेछ ।<br>२. बालविवाह अन्त्यसम्बन्धी नीति कानुन कार्यान्वयनबारे सबै तहका जनप्रतिनिधि र कर्मचारीहरूलाई अभिमुखीकरण गरिनेछ। |
| **संरक्षण (Protection)** | |
| ११. बालविवाहबाट प्रभावित एवम् बालविवाहको जोखिममा रहेका बालबालिकाहरूको | १. बालविवाहका प्रभावितहरूलाई लक्षित गरी वैकल्पिक हेरचाह एवम् संरक्षण गृहको व्यवस्था गर्न जिल्ला बालअधिकार समिति र स्थानीय बालअधिकार समितिलाई सहयोग गरिनेछ । |

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

| | |
|---|---|
| संरक्षण गर्ने। | २. बालविवाहबाट प्रभावित बालबालिकाहरूलाई लक्षित गरी कानुनी हक एवम् उपचारसम्बन्धी परामर्श तथा कानुनी सहायता तत्काल प्रदान गर्ने व्यवस्था मिलाइनेछ।<br>३. दबाब, करकाप वा बाध्यकारी अवस्थामा परी बलपूर्वक बालविवाह गराइन लागेका बालबालिकाहरूलाई उद्धार गरी सुरक्षा, संरक्षण र पुनर्स्थापनाको व्यवस्था गरिनेछ । |
| १२. बालविवाहबाट प्रभावित वा बालविवाहको जोखिममा रहेका बालबालिकाहरूको स्वास्थ्य उपचार तथा सामाजिक, आर्थिक सशक्तिकरण गर्ने। | १. बालविवाहबाट प्रभावित वा बालविवाहको जोखिमा रहेका बालबालिकाहरूको शारीरिक तथा मानसिक स्वास्थ्य उपचारको व्यवस्था मिलाइनेछ।<br>२. बालविवाहबाट प्रभावित वा बालविवाहको जोखिममा रहेका बालिकाहरूको मनोवैज्ञानिक आवश्यकतालाई सम्बोधन गर्न स्थानीय तहको समन्वयमा गैसस तथा सामुदायिक संस्थाहरूलाई समेत परिचालन गरिनेछ।<br>३. बालविवाहबाट प्रभावित वा बालविवाहको जोखिममा रहेका वालिकाहरूको सामाजिक तथा आर्थिक सशक्तिकरणका लागि स्थानीय तह, महिला सहकारी र निजी क्षेत्रसँग समन्वय गरी विभिन्न व्यावसायिक सिप विकास तालिम र आय आर्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| **समन्वय, सहकार्य र साझेदारिता (Coordination and Partnership)** | |
| १३. स्थानीय तह र सरोकारवालासँगको सहकार्य, साझेदारिता र क्षमता विकास गर्ने। | १. बालविवाह अन्त्यका लागि बालमैत्री तथा लैङ्गिकमैत्री स्थानीय तह घोषणा गर्ने अभियान सञ्चालन गर्न स्थानीयतहसँगको साझेदारितालाई प्रवर्द्धन गरिनेछ ।<br>२. भौगोलिक स्थिति, जात-जाति, धर्म-सम्प्रदाय, सँस्कृति, परम्परा एवम् आर्थिक-सामाजिक अवस्थाअनुरूप समुदाय विशेषमा कायम रहेको बालविवाह अन्त्यका लागि समूहमा आधारित विधि (Cluster approach) अपनाउन स्थानीय तहलाई प्राविधिक तथा आर्थिक सहयोग गरिनेछ । |
| १४. बालविवाह अन्त्य गर्ने अभियानलाई प्रभावकारी वनाउन स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्न सहयोग गर्ने। | १. जिल्ला तथा स्थानीय तहमा बालविवाह अन्त्यका लागि भएका प्रयासहरूको आवधिक रूपमा समीक्षा गर्ने प्रणालीको विकास गरिनेछ ।<br>२. बालविवाह नियन्त्रणका बारे जिल्ला र स्थानीय तहमा खण्डीकृत तथ्याङ्कसहित अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्रको विकास गरिनेछ ।<br>३. अनुगमन तथा मूल्याङ्कनका नतिजाहरू र असल अभ्यासबारे समीक्षा गर्ने र समुदायलाई सुसूचित गर्ने प्रणालीको विकास गरिनेछ ।<br>४. जिल्ला अन्तर्गत बालविवाह अन्त्यका लागि कुनै स्थानीय तहले सुरु गरेको असल अभ्यासलाई अरू स्थानीय तहहरूमा क्रमशः विस्तार गरिनेछ । |

## १२. अनुगमन तथा मूल्याङ्कन

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा



Scanned with CamScanner

रणनीति तथा कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा जिससले देहायअनुसारको व्यवस्था गर्नेछः

१. प्रचलित कानुन तथा अनुगमन निर्देशिकाबमोजिम बालविवाह अन्त्यका लागि सञ्चालित सम्पूर्ण कार्यक्रमहरूको अनुगमन गर्ने।

२. नतिजामा आधारित व्यवस्थापन प्रणाली (Result Based Management System - RBMS) लाई आधार बनाई अनुगमनका ढाँचा निर्माण गरी आवश्यक जनशक्तिसहित अनुगमनको सुनिश्चतता गर्ने।

३. रोल्पा जिल्लाका सबै स्थानीय तहबाट बालविवाह र लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धी खण्डीकृत तथ्याङ्क सङ्कलन गर्नका लागि समेत प्रत्येक पालिकामा रहेका महिला तथा बालबालिका र सामाजिक विकास शाखालाई चुस्त र प्रभावकारी तुल्याई सोको संयोजकत्वमा लैङ्गिक उत्तरदायी अनुगमन तथा मूल्याङ्कन संयन्त्रको स्थापना गर्ने।

४. रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्ने सहयोगी भूमिकामा रहेका निकाय तथा सङ्घसंस्थाहरूलाई प्रशिक्षण दिई एउटै ढाँचा (template) मा प्रतिवेदन तयार पारी पेश गर्ने परिपाटी बसाल्ने।

५. बालविवाहबाट पीडित/प्रभावितहरूप्रति हुनुपर्ने सामाजिक तथा पारिवारिक संरक्षण र सहायताबारे स्थानीय तहको वडा कार्यालयहरूको समन्वय र जवाफदेहीतामा सामुदायिक अनुगमन तथा मूल्याङ्कन प्रणालीसम्बन्धी निर्देशिका तयार गरी सरोकारवालाहरूलाई सुसूचित गर्ने।

६. रणनीति तथा कार्ययोजनाको कार्यान्वयन र प्रभावकारिताबारे स्वतन्त्र परामर्शदाताहरूबाट मध्यावधि र अन्तिम मूल्याङ्कन गरी गराई प्राप्त सुझावअनुसार रणनीतिमा सुधार गर्ने।

७. बालविवाह नियन्त्रणका लागि जिल्ला तथा पालिकास्तरबाट भएका समग्र प्रयासहरूबारे एकीकृत रूपमा वार्षिक प्रतिवेदन तयार पारी प्रकाशित गर्ने।

## १३. संस्थागत संरचना

रणनीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि निम्नानुसारका जिल्ला तथा स्थानीय तहका संरचनाहरू निर्माण गरिनेछन् ।

### १३. क. :जिल्लास्तरमा

- बालविवाह अन्त्यका लागि जिल्लास्तरीय समन्वय, निर्देशन तथा सुपरीवेक्षण समिति

### १३. ख. :नगरपालिका तथा गाँउपालिका स्तरमा

- स्थानीय तहस्तरीय कार्यान्वयन समिति

### १३. ग. :वडा स्तरमा

- वडास्तरीय कार्यान्वयन समिति

### १३.क.:बालविवाह अन्त्यका लागि जिल्लास्तरीय समन्वय, निर्देशन तथा सुपरीवेक्षण समिति

१. संयोजक – प्रमुख, जिल्ला समन्वय समिति
२. सदस्य – उपप्रमुख, जिल्ला समन्वय समिति
३. सदस्य – प्रमुख जिल्ला अधिकारी

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा



Scanned with CamScanner

४. सदस्य – प्रमुख, जिल्ला प्रहरी कार्यालय
५. सदस्य – प्रमुख, जिल्ला न्यायधिवक्ता
६. सदस्य – प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय
७. सदस्य – प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई
८. सदस्य – अध्यक्ष, नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा
९. सदस्य – जिल्लामा बालबालिकाको क्षेत्रमा कार्यरत गैसस मध्येबाट १ महिलासहित २ जना
१०. सदस्य – जिल्ला स्तरीय महिला सञ्जालबाट १ जना
११. सदस्य – अध्यक्ष, जिल्ला बाल क्लब सञ्जाल
१२. सदस्य – अध्यक्ष, जिल्लास्तरीय किशोरकिशोरी सञ्जाल
१३. सदस्य सचिव – जिल्ला समन्वय अधिकारी

**१३. क. १. : बालविवाह अन्त्यका लागि जिल्लास्तरीय समन्वय, निर्देशन तथा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार:**

१. जिल्ला समन्वय, निर्देशन तथा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहायमोजिम हुनेछ : क) यस रणनीतिक योजनाको आधारमा जिल्लागत कार्ययोजना तयार गर्ने ।

ख) रणनीति तथा कार्ययोजनामा रहेका बालविवाह विरुद्धका कार्यक्रमहरूलाई सम्बन्धित निकायको वार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्न आवश्यक समन्वय एवम् पहल गर्ने ।

ग) जिल्लामा सञ्चालित बालविवाह अन्त्यसँग सम्बन्धित कार्यक्रमहरूको नियमित अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण तथा निर्देशन दिने ।

घ) रणनीतिक योजना कार्यान्वयनका लागि स्रोत व्यवस्थापन, अनुमान, आवधिक समीक्षा तथा सूचना अभिलेखीकरणको कार्य गर्ने ।

ङ) टोल, वडा, पालिका र जिल्लालाई बालविवाहमुक्त घोषणा गर्न सूचक निर्धारण गर्ने ।

च) जिल्लालाई बालविवाहमुक्त घोषणा गर्ने ।

२. समितिको बैठक कम्तिमा वर्षको ३ पटक र आवश्यकताअनुसार सोभन्दा बढी पटक बस्नेछ ।

३. समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित स्थानीय तह, विज्ञ, मनोपरामर्शकर्ता, दातृ निकाय एवम् सङ्घसंस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

४. समितिको अन्य कार्य तथा बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

५. समितिले आवश्यकताअनुसार थप उपसमिति गठन तथा परिचालन गर्न सक्नेछ ।

**१३.ख. : स्थानीय तहस्तरीय कार्यान्वयन समिति**

१. संयोजक– प्रमुख/अध्यक्ष, नगरपालिका/गाउँपालिका
२. सदस्य– उपप्रमुख/उपाध्यक्ष, नगरपालिका/गाउँपालिका
३. सदस्य –संयोजक सामाजिक विकास समिति
४. सदस्य – कार्यपालिका सदस्यहरू २ जना (कम्तिमा १ जना महिलासहित)
५. सदस्य – प्रमुख प्रशासकीय अधिकृत नगर/गाउँपालिका
६. सदस्य – प्रमुख, शिक्षा शाखा
७. सदस्य– प्रमुख, स्वास्थ्य शाखा
८. सदस्य – प्रमुख, स्थानीय प्रहरी इकाई
९. सदस्य – अध्यक्ष, पालिकास्तरीय शिक्षक महासङ्घ
१०. सदस्य – संयोजक, नगर/गाउँपालिकास्तरीय बाल क्लब सञ्जाल

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा



Scanned with CamScanner

११. सदस्य – अध्यक्ष नगर/गाउँपालिकास्तरीय किशोरकिशोरी संजाल
१२. सदस्य – समितिले मनोनयन गरेका बालअधिकारकर्मी (२ जना)
१३. सदस्य – स्थानीय गैसस प्रतिनिधि १ जना
१४. सदस्य – जनजाति, दलित र सीमान्तकृत समुदायबाट प्रतिनिधित्व हुने गरी नगर/गाउँपालिका प्रमुख/अध्यक्षले तोकेको ३ जना
१५. सदस्य सचिव – महिला तथा बालबालिका शाखा प्रमुख

**१३. ख. १. : स्थानीय तहस्तरीय कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार :**

१. स्थानीय तहस्तरीय कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क) रणनीतिक कार्ययोजनामा रहेका सामाजिक व्यवहार परिवर्तनसहितका बालविवाहविरुद्धका कार्यक्रमहरूलाई पालिकाको वार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्न पहल गर्ने ।

ख) बालविवाहविरुद्धका कार्यक्रमलाई स्थानीय टोल र विद्यालय तहसम्म सञ्चालन गरी यस विरुद्धमा जागरण ल्याउन आवश्यक सहजीकरण गर्ने ।

ग) बालविवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरूको नियमित अनुगमन गर्ने र आवश्यक पृष्ठपोषणसहित सम्वन्धित निकायमा प्रतिवेदन पेश गर्ने ।

घ) सङ्घ, प्रदेश र जिल्ला निर्देशक समितिबाट प्राप्त निर्देशनअनुसार काम गर्ने ।

ङ) टोल, वडा र पालिकालाई पनि बालविवाहमुक्त घोषणा गर्ने ।

२) समितिको बैठक कम्तिमा ३ महिनामा एक पटक बस्नेछ ।

३) समितिको बैठकमा आवश्यकताअनुसार सम्वन्धित विज्ञ, मनोपरामर्शकर्ता, दातृनिकाय एवम् सङ्घसंस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

४) बालविवाह अन्त्यका गर्नका पालिकामा रहेका टोल विकास संस्था, आमा समूह, महिला स्वयंसेविका, किशोरकिशोरी समूह, बाल क्लव, युवा क्लव, धर्म गुरु, जैशी, पुरोहित, ज्योतिषि, थरीघर, भाइवन्धु, वन समूह, वि.व्य.स., विद्यालय, स्थानीय सङ्घसंस्थालाई समन्वय र परिचालन गर्न सक्नेछ ।

५) बैठकसम्वन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

६) समितिले आवश्यकताअनुसार थप उपसमिति गठन तथा परिचालन गर्न सक्नेछ ।

**१३.ग. :वडास्तरीय कार्यान्वयन समिति**

१. संयोजक – वडा अध्यक्ष
२. सदस्य – वडा सदस्यहरूवाट २ जना (एकजना महिला सदस्य अनिवार्य)
३. सदस्य – प्रमुख, सम्वन्धि वडा क्षेत्र हेर्ने प्रहरी चौकी
४. सदस्य – प्रमुख स्वास्थ्य चौकी
५. सदस्य – वडाध्यक्षले तोकेको प्र.अ./शिक्षक (१ जना)
६. सदस्य – आमा समूहहरूबाट २ जना
७. सदस्य – जनजाति, दलित र सीमान्तकृत समुदायबाट प्रतिनिधित्व हुनेगरी समितिले तोकेको ३ जना
८. सदस्य – टोल विकास संस्थाबाट एक महिलासहित दुई जना प्रतिनिधि
९ सदस्य - युवा क्लव/बाल क्लव/किशोरकिशोरी सहजकर्ताबाट (३ जना)
१०. सदस्य सचिव – वडा सचिव

**१३. ग. १. : वडा तहको कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार :**

१. वडास्तरीय कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा



Scanned with CamScanner

क) रणनीतिक कार्ययोजनामा रहेका सामाजिक व्यवहार परिवर्तन सहितका बालविवाहविरुद्धका कार्यक्रमहरूलाई वडाको वार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्न पहल गर्ने ।

ख) बालविवाहविरुद्धका कार्यक्रमलाई वडा तहसम्म सञ्चालन गरी यस विरुद्धमा जागरण ल्याउने ।

ग) बालविवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरूको नियमित तथा आवश्यकताअनुसार अनुगमन गर्ने र आवश्यक पृष्ठपोषणसहित पालिका तह र सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने ।

घ) पालिका स्तरको कार्यान्वयन, समन्वय र अनुगमन समितिको निर्देशानुसार काम गर्ने ।

ङ) वडाभित्र बालविवाह हुन लागेको अवस्थामा सम्बन्धित स्थानमा पुगी आवश्यक परामर्श दिई बालविवाह रोक्न सहजीकरण गर्ने ।

च) सबै टोलहरू बालविवाहमुक्त बनाउँदै सम्बन्धित वडालाई बालविवाहमुक्त घोषणा गर्ने ।

२) समितिको बैठक कम्तीमा २ महिनामा एकपटक र आवश्यकताअनुसार सोभन्दा बढी पटक बस्न सक्नेछ ।

३) समितिको बैठकमा आवश्यकताअनुसार सम्बन्धित विज्ञ, दातृनिकाय एवम् सङ्घसंस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

४) बालविवाह अन्त्य गर्न वडाभित्र रहेका टोल विकास संस्था, आमा समूह, किशोरकिशोरी समूह, बाल क्लब, युवा क्लब, धर्म गुरु, जैशी, पुरोहित, थरीघर, भाइबन्धु, वन समूह, वि.व्य.स., विद्यालय, स्थानीय सङ्घसंस्थालाई समन्वय र परिचालन गर्नसक्नेछ ।

**१३. घ. :समुदायस्तरका देहायका निकायसँग समन्वय, सहकार्य गर्दै बालविवाह अन्त्यका लागि परिचालित हुने वातावरण निर्माण गरिनेछ ।**

- राजनीनिक दल
- प्रहरी चौकी/पोष्ट/कार्यालयको अगुवाईमा सबै टोल/समुदायमा Rapid Response Team
- टोल विकास संस्था
- आमा समूह
- महिला स्वास्थ्य स्वयंसेविका
- सहकारी संस्था
- बाल क्लब सञ्जाल
- युवा क्लब
- किशोरी समूह
- धर्मगुरु, जैशी, पुरोहित
- विद्यालय परिवार
- थरी समूह
- भाइबन्धु
- वन समूह

## १४. सहकार्य तथा समन्वय

यो रणनीति तथा कार्ययोजना कार्यान्वयनका लागि बालविवाहबाट प्रभावित बालिका, बालविवाहको क्षेत्रमा क्रियाशील व्यक्ति तथा समूहहरू, युवा क्लब, किशोरी समूह, बालिका, महिला, आर्थिक तथा सामाजिक रूपले पछाडि पारिएका समुदाय, अपाङ्गता भएका व्यक्तिहरू, विस्थापित, आदिवासी जनजाति, दलितका साथै लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सीमान्तकृत समुदायहरू, कानुन कार्यान्वयन गर्ने निकाय तथा संयन्त्रहरू,

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा



Scanned with CamScanner

राजनीतिक दल, स्थानीयस्तरमा रहेका प्रहरी, स्वास्थ्य संस्था, विद्यालय, धर्मगुरु, नेपाल रेडक्रस सोसाइटी, नागरिक समाज, गै.स.स., निजी क्षेत्र, पेशागत सङ्घसङ्गठन तथा सञ्जालहरू, सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह, राष्ट्रिय मानव अधिकार आयोग, महिला आयोग, विकास साझेदारलगायत विभिन्न समुदायसँग समन्वय र सहकार्य गरिनेछ।

## १५. जोखिम तथा न्युनीकरण

प्रस्तुत जिल्लास्तरीय बालविवाह अन्त्यसम्बन्धी रणनीति तथा कार्ययोजनाको स्वरूप बृहत् (comprehensive) भएको र यो साझा सरोकारको सवाल (Common Issue) भएकाले यसको सफल कार्यान्वयनमा विभिन्न प्रकारका अवरोधहरू आउन सक्ने देखिन्छ। प्रमुख जोखिमहरू निम्नअनुसार छन्:

- बालअधिकार, बालसंरक्षण, लैङ्गिक समानतासम्बन्धी अवधारणाबारे साझा बुझाइमा एकरुपता हुन नसकी रणनीति तथा कार्ययोजना कार्यान्वयनमा जिम्मेवार सरोकारवालाहरूबाट अपेक्षित सहयोग प्राप्त नहुन सक्ने सम्भावना छ ।
- कानुनले निर्धारण गरेको विवाहको उमेरबारे समुदायमा गलत, भ्रमपूर्ण र अपर्याप्त बुझाइ कायम रहँदा बालविवाहले सामाजिक मान्यता पाइरहेको अवस्था चुनौतीपूर्ण छ ।
- सार्वजनिक तथा निजी क्षेत्र, पुरुषप्रधान समाज र भौतिक पूर्वाधारलाई मात्र विकास ठान्ने मानसिकता व्याप्त रहेको सन्दर्भमा बालिका र महिला केन्द्रित भई यो रणनीति तथा कार्ययोजना कार्यान्वयन प्राथमिकतामा नपर्न सक्छ ।
- प्रतिबद्धता र इच्छाशक्तिसहितको दक्ष जनशक्तिको अभावमा यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयन सुस्त हुन सक्छ ।
- रणनीति तथा कार्ययोजना बहुपक्षीय सरोकारको विषय भएकाले सरोकारवाला निकायबिच समन्वय र आपसी सहयोग नभएको अवस्थामा यसको कार्यान्वयन अपेक्षाकृत प्रभावकारी हुन नसक्ने सम्भावना छ ।
- रणनीति तथा कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्ति परिचालन, आर्थिक तथा अन्य स्रोत साधनको कमी भएमा र सरोकारवालाहरूको बिचमा लैङ्गिक संवेदनशीलताको अभाव भएमा यसले प्राथमिकता नपाउन सक्छ।

उपर्युक्त जोखिम न्युनीकरणका लागि जिल्ला समन्वय समिति, रोल्पाले देहायअनुसार व्यवस्था गर्नेछ:

- रणनीति तथा कार्ययोजनाको सफल कार्यान्वयनका लागि सरोकारवाला, जिल्लास्तरीय सरकारी निकाय, स्थानीय तह, गैरसरकारी सङ्घसंस्था तथा विकास साझेदारहरूबिच साझा अवधारणा, सहमति, प्रतिबद्धता, सहयोग र समन्वयका लागि नियमित रूपमा छलफल र परामर्श गरिनेछ।
- रणनीति तथा कार्ययोजनाबारे यथाशीघ्र सम्बन्धित सबैलाई अभिमुखीकरण गरिनेछ ।
- जिल्लास्तरका सबै सरोकारवाला निकायहरूमा बालअधिकार, बालसंरक्षण र लैङ्गिक सवालहरूबारे ज्ञान दक्षतासहितको जनशक्ति निर्माणमा विशेष जोड दिइनेछ ।
- सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारहरूसँग समन्वय र सहकार्य गरी स्रोत साधनको परिचालन गरिनेछ ।

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा



Scanned with CamScanner